# लहान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लहान (सिरहा)
प्रदेश नं.२, नेपाल
(आन्तरिक राजश्व व्यवस्थापन उप-शाखा)

च.नं. ३३२

मिति :- २०७७/०४/१६

## सार्वजनिक पोखरी ठेक्का सम्बन्धी शिलवन्दी दरभाउपत्र आह्वान सूचना ।

(सूचना प्रकाशित मिति २०७७/०४/१६

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम यस नगरपालिकाको क्षेत्रधिकार भित्रपर्ने देहाय बमोजिमको सार्वजनिक पोखरीहरुमा मत्स्यपालन गर्न गराउन आ.व. २०७७/०७८ देखि २०७८/०७९ सम्म वर्ष २ (दुई) सम्मका लागि एकमुष्ठ गनीमहसुलमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकहोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट देहाय वमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलवन्दी दरभाउपत्र आहवान गरिन्छ ।

तपसिलः

| सि.नं. | पोखरीहरुको नाम | ठेगाना | ठेक्का अवधि | न्युनतम ठेक अंक | कैफियत |
|---|---|---|---|---|---|
| १. | चन्न डबरा पोखरी | लहान-१२ | २०७७/०७९ | ७,२००।- | |
| २. | बौकाई बाँध पोखरी | लहान-१३ | " | २,९६०।- | |
| ३. | सार्वजनिक ऐलानी पोखरी | लहान-१५ | " | १,६२,७२०।- | |
| ४. | जे.टि.जेड. पोखरी | लहान-२० | " | २६,४००।- | |
| ५. | कल्यान दह वेली बाँध | लहान-२२ | " | ३,६०,३६०।- | |
| ६. | पुरानो पोखरी | लहान-२२ | " | १,०१,२८०।- | |
| ७. | महिला पोखरी | लहान-२२ | " | ६२,४००।- | |
| ८. | हिताई पोखरी | लहान-२३ | " | २,३४,११०।४० | |
| ९. | परसैला पोखरी | लहान-२३ | " | २,७५,६७५।२० | |
| १०. | महाजन पोखरी | लहान-२३ | " | २,३०,४००।- | |
| ११. | रामेश्वर साहु पोखरी | लहान-२३ | " | २,०८,०००।- | |
| १२. | बंकर पोखरी | लहान-२३ | " | ९,०००।- | |
| १३. | सर्वजित पोखरी | लहान-२३ | " | २,००,०००।- | |
| १४ | दर्शनिया पोखरी | लहान-२३ | " | ३९,६४०।- | |
| १५. | अजवलाल पोखरी | लहान-२३ | " | १,८०,०००।- | |
| १६. | जहुरी साहु पोखरी | लहान-२३ | " | २,३१,१२०।- | |
| १७. | पुर्णी पोखरी | लहान-२३ | " | १,८९,६११।२० | |

शर्तहरुः

१. शिलवन्दी दरभाउपत्र खरिद गर्न ईच्छुक व्यक्तिले लिखित निवेदन पत्र साथ आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपी तथा फर्म वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७६/०७७ का लागि नविकरण भएको इजाजतपत्र, मुल्य अभिवृद्धि कर स्थायी लेखा नम्वर (पान) दर्ता प्रमाण पत्र र आ.व.२०७६/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) औ दिन अर्थात् मिति २०७७/०४/२२ गते सम्म कार्यालय समयभित्र उल्लेखित दरभाउपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व उप शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको दरभाउपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सहीछाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी ८ (आठौं) दिन अर्थात् २०७७/०४/२३ गते दिनको १२:०० वजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० वजे पछि नगरकार्यपालिकाको कार्यालय, लहानमा दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा समेत रितपूर्वकको दरभाउपत्र खोलिने कार्यमा वाधा पर्नेछैन ।

३. दरभाउपत्र फारम खरिद दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

४. दरभाउपत्र फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

५. शिलवन्दी दरभाउपत्र साथ आफुले कवोल गरेको अंक रकमको ५% ले हुने धरौटी रकम नेपाल बैंक लि., लहान स्थित रहेको यस कार्यालयको च.हि.नं. ०३६०३००००३०००००००१ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम वरावरको यस कार्यालयका नाउंमा मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको वोलकवोल जमानी पत्र (कम्तीमा ७५ दिन म्याद भएका) सक्कल प्रति संलग्न राख्नुपर्नेछ । धरौटी रकम दरभाउपत्र साथ नगद खामी आएमा यस कार्यालय जिम्वेवार हुनेछैन, साथै त्यस्तो दरभाउपत्रहरु अमान्य हुनेछ ।

६. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि ठेक्का अंकको अत्तिरिक्त न.पा. द्वारा संचालित दुर्गा पुजाको लागि १.५% रकम ठेक्क अंकमा जोडी कायम भएको रकम एकमुष्ठ बुझाउनु पर्नेछ ।

७. काबु बाहिरको परिस्थितिको कारण ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक्का अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक अंक मानिनेछ ।

८. शिलबन्दी दरभाउपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन । साथै रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कार्यवाही हुनेछैन ।

९. प्राप्त दरभाउपत्रहरु कुनै पनि कारण जनाई वा निजलाई सम्पूर्ण वा अंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. बारुणयन्त्रलाई आवश्यक परेको बेला जुनसुकै बखत पनि पोखरीवाट पानी लिन सक्नेछ त्यसमा ठेकेदारले रोक्न पाईने छैन ।

११. माछा पालनको व्यवस्था र पालिएको माछाको सुरक्षा समेत ठेकेदार आफैले गर्नु पर्नेछ ।

१२. ठेक्का अवधिमा पोखरीको प्राकृति सौन्दर्य विग्रिने गरी डिल आदि विगार्न भत्काउन पाईने छैन ।

१३. प्राकृतिक विपद् वाहेक अन्य कुनै कारणवश भौतिक संरचनामा भएको क्षतिको जिम्मेवारी ठेकेदारले लिनुपर्नेछ ।

१४. दरभाउपत्र सम्वन्धी केही थप कुरा बुझ्न परेमा कार्यालय समयभित्र यस कार्यालयको आन्तरिक राजश्व उप शाखा मा सर्म्पक राखी बुझ्न सकिनेछ ।